# ओरेकका अभियानहरु




WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

**WOREC**

# महिला हिंसा विरुद्धको अभियान




महिला भएकै कारण महिलामाथि हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । सार्वजनिक वा नीजि जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य महिला विरुद्धको हिंसा हो । यसले महिलालाई शारीरिक, यौनजन्य, आर्थिक, सामाजिक वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । यसअन्तर्गत धम्की, दवाब, महिलाको स्वतन्त्रतामा बन्देज गर्ने लगायतका कार्य समेत पर्दछ ।

महिला भएकै कारण गरिने विभेदको परिणामस्वरूप महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ । संरचनागत असमानताबाट सिर्जित विभेदको अर्न्तनीहित कारणको सम्बोधनबिना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन । यसका लागि राज्यले आफ्नो स्वपहिचानसहित जीवनयापन गर्न पाउने महिलाको अधिकारको सुनिश्चितता, समुदाय तहदेखि व्यक्तिको सोच र व्यवहार रूपान्तरण साथै विद्यमान विभेदकारी संरचनाबाट प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण गर्न आवश्यक छ ।

महिलाविरुद्धको हिंसाको अवस्थालाई विश्लेषण गर्दा महिला तथा किशोरीहरूका विविध विषयलाई सम्बोधन गर्ने उद्देश्यका साथ ओरेकले महिला हिंसाविरुद्धको अभियानलाई निरन्तर अगाडि बढाइरहेको छ ।

### महिला हिंसाविरुद्धको अभियानको लक्ष्यः

- महिलाविरुद्ध हुने सबै प्रकारका संरचनागत विभेदको अन्त्यका लागि सामाजिक, आर्थिक, राजनैतिक रुपान्तरण सहित महिलाको निर्णायक तहमा पहुँच अभिवृद्धि गर्न अभियान सञ्चालन गर्ने ।

### महिला हिंसाविरुद्धको अभियानको उद्देश्यहरूः

- महिला भित्रको विविधता र पहिचानलाई सम्बोधन गर्न महिलाकै नेतृत्वमा नीतिगत पैरवी र कानुन कार्यान्वयनका लागि पहल तथा सहजीकरण गर्ने ।
- हिंसा प्रभावित महिलाहरुको लागि आवश्यकताअनुरुप सेवा प्रवाह, सेवा प्रदायकहरुलाई संवेदनशील बनाउँदै प्रभावितमैत्री वातावरण निर्माणका लागि सहजीकरण गर्ने ।
- विभेदपुर्ण हानिकारक सामाजिक साँस्कृतिक मूल्यमान्यताविरुद्ध समुह सञ्जालसँगको अगुवाईमा सामाजिक सचेतिकरणका लागि कार्य गर्ने ।

# मानव अधिकार र सामाजिक न्याय अभियान



सबै नागरिक जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन् । मानव अधिकारको विश्वव्यापि घोषणा पत्र १९४८, नेपालको संविधान, विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता लगायतका दस्तावेजहरुले महिला तथा अन्य सिमान्तकृत समुदायका अधिकार पनि मानव अधिकार हुन् भनेर सुनिश्चत गरेको छ । तर सदिऔंदेखि विभेदकारी शक्ति सम्बन्धको आडमा सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक अधिकारबाट यो समुदाय वञ्चित हुनुपरेको अवस्था छ । पितृसत्तात्मक सामाजिक संरचनाहरूले प्रतिपादन गरेका मूल्य र मान्यताका कारण महिला तथा सिमान्तकृत समुदायले राज्यका साथै परिवार, समाज, धार्मिक संघ संस्था, बहुराष्ट्रिय कम्पनीमार्फत लिङ्ग, जात, वर्ग, अपाङ्गता, भुगोल, यौनिक तथा लैङ्गिक पहिचानको आधारमा विभिन्न हिंसा र विभेदको सामना

गर्नुपरेको छ । जबसम्म समाजमा बिद्यमान विभेदकारी लैङ्गिक, जातीय र वर्गीय संरचनाको अन्त्य हुँदैन तबसम्म महिला तथा सिमान्तकृत समुदायको मानव अधिकार सुनिश्चित हुन सक्दैन । तसर्थ एतिहासिक उत्पीडनको आधारमा उत्पादन, वितरण र श्रोतको समान बाँडफाँड सामाजिक न्यायको आधार हो । ओरेकले मानव अधिकारलाई सामाजिक न्याय सुनिश्चितताको माध्यमको रुपमा कार्य गर्दै आएको छ । यसका लागि संस्थाले मानव अधिकार तथा सामाजिक न्याय अभियानमार्फत समुदाय हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि सचेतना र पैरवीमुलक गतिविधिहरु गरिरहेको छ ।

**अभियानको लक्ष :** मानव अधिकार, शान्ति र सामाजिक न्यायका लागि अधिकारमुखी अवधारणा अवलम्बन गर्दै महिलावादी दृष्टिकोणबाट रुपान्तरित नेतृत्व विकास गर्ने ।

**उदेश्य**

- सिमान्तकृत समुदायको आर्थिक सशक्तिकरण र अर्थपुर्ण सामाजिक तथा राजनैतिक सहभागिता वृद्धि गर्ने ।
- महिला मानव अधिकार रक्षकहरुको सुरक्षा, पहिचान र सम्मान स्थापित गर्दै उनीहरुमाथि हुने मानव अधिकार उल्लङ्घनका घटनाहरु न्यूनीकरण गर्ने ।
- मानव अधिकार हननका सवाल तथा घटनाहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारका संयन्त्रहरुमा समावेश गराई सम्बोधनका लागि पैरवी गर्ने ।

## आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अभियान



सम्मानित काम, उचित पारिश्रमिक, र हिंसारहित जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको मानव अधिकार हो । महिलाको श्रमको मान्यता, पहिचान र सम्मान नहुँदा  महिलामाथि हुने हिंसाले अझ प्रश्रय पाईरहेको अवस्था छ। जसले गर्दा महिलाहरु सम्मानपूर्ण जीवनयापनबाट वञ्चित छन्।

महिलाले गर्ने श्रमको मुल्याङ्कन नहुनु भनेको महिलाको कामलाई काम नै नमान्ने र अस्तित्वलाई स्वीकार नगर्ने पृतिसत्तात्मक सोच हो । त्यतिमात्र नभई बिध्यमान विभेदकारी संरचनाले महिलाले कस्तो काम गर्ने, कहाँ गएर गर्ने भन्ने अधिकार समेत खोसेको अवस्था छ । यसले गर्दा एकातर्फ उनीहरुको गतिशिलता र आफ्नो शरीरमाथिको अधिकार कुण्ठित भएको छ भने अर्कोतर्फ उनीहरुले गर्ने श्रमकै आधारमा सामाजिक, साँस्कृतिक रुपमा बहिस्करणमा पारिएको छ । यो अवस्थाको रुपान्तरण गर्न राज्यलाई समयोचित रुपमा जवाफदेही बनाउन यस संस्थाले महिलावादी दृष्टिकोणबाट आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको अभियान सञ्चालन गरिरहेको छ। संस्थाले विगत लामो समयदेखि महिला तथा सिमान्तकृत समुदायहरुको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सुनिश्चितताका लागि अधिकारमा आधारित अवधारणालाई अवलम्बन गरेर स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म पैरवी तथा प्रवर्द्धनका कार्य सहित अभियान सञ्चालन गरिरहेको छ ।

**आर्थिक सामाजिक र साँस्कृतिक अधिकार अभियानको लक्ष्य :**
महिलाको पूर्ण स्वास्थ्य, कामको मान्यता र गतिशीलता, खाद्य सम्प्रभुताको अधिकार सुनिश्चित गर्न नीतिगत व्यवस्था र कार्यान्वयनका लागि वातावरण तयार गर्न पैरवी गर्ने ।

**आर्थिक सामाजिक र साँस्कृतिक अधिकार अभियानको उदेश्य:**
**उदेश्य १:** महिला, दलित तथा सिमान्तकृत समुदायको स्रोत साधनमा पहुँच वृद्धि गर्न  उद्यमशीलता, बजारीकरण र स्थानीय सीपको संरक्षणमा जोड दिँदै दिगो आर्थिक सवलिकरण, आत्मसम्मान सहित जीवन यापन गर्नका लागि वातावरण सृजना गर्ने ।




**उदेश्य २:** महिलाको गतिशीलताको अधिकार, कामको मान्यता (उत्पादन तथा पुर्नउत्पादन) र स्रोत साधनमा पहुँच बढाउनका लागि सबै तहमा पैरवी गर्ने ।

**उदेश्य ३ :** महिला तथा किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य अधिकार र स्वास्थ्य सेवामा सहज पहुँचकालागि  वातावरण तयार गर्ने ।

### कार्यक्रमका उद्धेश्यहरु

#### १. दिगो जिविकोपार्जनका कार्यक्रम

- स्थानीय स्रोत र साधनको पहिचान गरी महिला, दलित तथा सिमान्तकृत समुदायको आय आर्जनमा वृद्धि गर्ने ।
- उद्यमशीलता विकास तालिम, व्यवसायिक योजना निर्माण तालिम तथा बिउँ पूँजी सहयोग मार्फत  दिगो जिविकोपार्जनका लागि सहयोग गर्ने ।
- स्थानीय तहको अगुवाईमा पर्यावरणमैत्री नमूना गाउँको अवधारणा विस्तार गर्ने ।
- खाद्य सुरक्षा, खाद्य अधिकार र भूमि अधिकारसम्बन्धि स्थानीय तहदेखि राष्ट्रिय तहसम्म आवश्यकता अनुसार पैरवी गर्ने ।

#### २. महिलाको गतिशीलता र मर्यादित श्रमको अधिकार कार्यक्रम

- महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाईको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियान सञ्चालन गर्ने ।
- महिलाको वैदेशिक रोजगारीका सवालहरुलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरि मर्यादित तथा सम्मानित श्रम अधिकारको सुनिश्चितताको लागि पैरवी गर्ने ।
- घरेलु श्रमिकहरुको श्रम अधिकार सुनिश्चित गर्न विभिन्न संस्थाहरुसँग सहकार्य, समन्वय गरि राष्ट्रिय स्तरमा पैरवी गर्ने ।
- वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको सामाजिक आर्थिक पुनः एकिकरणको लागि नीतिगत व्यवस्था गर्न पैरवी गर्ने ।

#### ३. महिला स्वास्थ्य अधिकार कार्यक्रम :

- महिला तथा किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्य अधिकार सुनिश्चितताका लागि पैरवी गर्ने ।
- दलित तथा सिमान्तकृत समुदायलाई लक्षित गरेर एकिकृत स्वास्थ्य सेवामा पहुँचका लागि समन्वय र सहकार्य गर्ने ।
- महिला तथा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा उपलब्धताका लागि नीतिगत पैरवी गर्ने ।
- महिला, किशोर किशोरी तथा सिमान्तकृत समुदायमाथि हुने विभेदकारी दृष्टिकोण (जसले महिलाको स्वास्थ्य अधिकारलाई कुण्ठित गरेको छ) को परिवर्तका लागि आम सचेतना अभिवृद्धि गर्ने ।